# कृषिक्षेत्रमा अनुदान परिचालन कार्यविधि,२०७६
## (परिमार्जीत कार्यविधि, ०७६/०९/०३)

प्रस्तावना: प्रदेश सरकारबाट कृषि विकासको लागि उपलब्ध गराइने अनुदान र गरिने खर्चलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले, प्रदेश नं.२ सरकारको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरि प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि,२०७६"रहेको छ।

(२) यो कार्यविधिप्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले प्रदेश सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि उत्पादन, प्रशोधन, मूल्य अभिबृद्धि, बजारीकरण, विविधिकरण वा कृषिको यान्त्रीकिकरण, आधुनिकीकरण, व्यवसायीकरण र औधोगिकरण समेतका लागि अनुदानग्राहीलाईप्रदान गरिने नगद वा सहुलियतमा दिईने कृषि सामग्री र उपकरण समेत सम्झनु पर्छ । नगद भन्नाले ब्याजमा दिईने अनुदान समेत जनाउछ ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएकानेपाली (गैरआवसिय नेपाली समेत) कृषक,कृषि उद्यमी, कृषि व्यवसायी, कृषि उद्योगी, कृषक समूह,कृषि सहकारी,कृषिसँग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले मन्त्रालय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने अनुदान प्रवाह सम्बन्धी क्रियाकलाप सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय वा अन्तर्गका स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्दछ ।

(ङ) "कृषि"शब्दले बाली, बागवानी, पशुपन्छी, माछा, आदि कृषिका सबै उप-क्षेत्रसंग सम्बद्ध उत्पादन उद्योग एव व्यवसाय समेत जनाउछ ।

(च) "कृषि सामग्री"भन्नाले कृषि उत्पादनमा प्रयोग हुनेमल, वीउ, वेर्ना,नस्ल, मत्स्य विज, सिमेन,क्रायोमिल्ट, भ्रुण, खोप, पशु आहार तथा दानाजन्य पदार्थ, औषधि तथा विषादी, जैवीक पदार्थ तथा हार्मोन, कृषि चुन तथा रसायन, सेनिटाईजर, डिसईन्फेकटेन्ट,पोषक तथा शुक्ष्म तत्व, कृषि औजार उपकरणलगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य बस्तु समेतलाई जनाउछ ।

(छ) "निर्देशक समिति" भन्नाले दफा१७ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

(ज) "बैङ्क" भन्नाले नेपाल सरकारको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बाणिज्य बैंक सम्झनु पर्दछ ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेश नं.२ सरकारको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

३. <u>अनुदान उपलब्ध गराउन सक्ने:</u>(१) प्रदेश सरकारलेविनियोजन गरेकोबार्षिक वजेट तथा स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको लागिअनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) अनुदान प्रवाह गरिने क्षेत्रहरु देहाय बमोजिम हुनेछः

(क) जिविकोपार्जन तथा सिमान्तकृत कृषक लक्षित कार्यक्रमहरु

(ख) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरु

(ग) कृषि व्यवसाय प्रवर्द्धन लक्षित कार्यक्रमहरु

(घ) कृषिजन्य उद्योग प्रवर्द्धन तथा कृषि पूर्वाधार विकास लक्षित कार्यक्रमहरु

(ङ) विविध

(३) दफा ३ को उपदफा २ मा उल्लेखित विभिन्न क्षेत्रमा दिईने अनुदानको विवरणतथा खर्च गर्ने नर्म्सको सिमाअनुसुची १ मा दिईएको छ ।

४. <u>अनुदानग्राहीको छनौट:</u>(१)कार्यालयले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने अनुदानग्राहीबाटअनुदानको लागि सामान्यतया भाद्र महिना भित्र आवेदन माग गर्नेछ ।तर आ ब ०७६/०७७ मा यो समयसीमा लागु हुने छैन ।

(२) अनुदान सम्बन्धी प्राबिधिक मापदण्ड, सुचना प्रकाशन, आवेदक/प्रस्तावकोमुल्याङ्कन रछनौटसम्बन्धी प्राविधिक मापदण्ड तथा संचालनविधि मन्त्रालयले स्वीकृतगर्नेछ ।

५. <u>अनुदान रकमको सीमा:</u>(१)प्रदेश सरकारबाट उपलब्ध गराइने अनुदान रकमको सीमा सामान्यतयाकूल लागतको पचासप्रतिशत भन्दा बढी हुने छैन ।

(२)उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कार्यक्रम तथा कृयाकलापको हकमा यो सीमा लागू हुने छैनः-

(क) प्राकृतिक विपद वा प्रचलित कानूनमा तोकिएको लक्षित समूहका लागि सरकारी संस्था आफैले वा गैह्र सरकारी संघसंस्थाको साझेदारीमा सञ्चालन हुने कार्यक्रममा,र

(ख) नेपालमासामुदायिक प्रयोगमा आउने गरी सञ्चालन गर्ने कृषि बीमा, साना सिंचाई र कुनै कार्यक्रम सञ्चालन गर्नको लागि उपभोक्ता समिति गठन भएकोमा त्यस्तोउपभोक्ता समिति मार्फत सञ्चालन हुने स-साना कृषि तथा पशुपन्छी एबम

पशुजन्य उत्पादन संकलन केन्द्र तथा प्रदेशस्तरका बजार पूर्वाधार तथा सम्बन्धित प्रयोगशाला निर्माणमा ।

(३) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागू हुनु अघि अनुदानग्राहीसँग सम्झौता भई कार्यान्वयनमा रहेका परियोजनाको हकमा सम्झौता बमोजिम नै हुनेछ ।आ.व. २०७६/०७७ मा र तत्पश्चात गरिने कृषि कार्यक्रमहरुमा सरकारी खर्च र अनुदानको सिमा अनुसुची १ मा दिईएको छ ।तत्पश्चात् स्वीकृत वार्षिक कार्यक्रम र बजेटमा निर्धारण भए बमोजिम हुनेछ ।

(४) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृ निकायको सहयोगमा सञ्चालित कार्यक्रम वा आयोजना नेपाल सरकार / प्रदेश सरकार र दातृ निकायबीच भएको सम्झौता बमोजिमको कार्यक्रम वा आयोजना कार्यान्वयन दस्तावेज बमोजिम सञ्चालन गरिनेछ।

६. <u>अनुदानग्राहीसँग सम्झौता गर्नुपर्ने:</u>(१)कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले अनुदानग्राहीसँग सम्झौता गर्दा अनुदानग्राहीले आफ्नो तर्फबाट लगानी गर्ने प्रस्तावित रकमको बैङ्क स्टेटमेन्ट वा ऋण लिई लगानी गर्ने भए ऋण स्वीकृत भएको वा हुने निश्चित भएको बैङ्कको प्रतिबद्धता पत्र पेश गर्न सक्नेछ । अनुदानग्राहीले गर्ने कार्य पश्चात मात्र कार्यालयले भुक्तानी गर्नेछ । कार्यालयले समझौता अनुसारको कार्य सुनिश्चतता गर्न आवश्यक ठानेमा पेश्की उपल्बध गराउन सम्बन्धित पक्षबाट बैंक ग्यारेन्टी माग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्नुपर्ने र सम्पन्न गर्नुपर्ने समय, अनुदान भुक्तानी हुने बैङ्कको शाखा कार्यालय, आवधिक रूपमा कार्यसम्पन्न गर्नु पर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

७. <u>अनुदानको भुक्तानी बैङ्क खाता मार्फत हुने:</u>(१) नगद अनुदानको हकमा अनुदानग्राहीको बैङ्क खातामा जम्मा हुने गरि अनुदान रकम उपलव्ध गराईनेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम हुनेछ । सम्झौता पत्रमा उल्लेख नभएको हकमा कार्य सम्पन्न प्रमाणिकरणको आधारमा कार्यालयले अनुदानग्राहीलाई लगानी अनुपातको हिसाबले एकमुष्ट वा किस्तामा भुक्तानी दिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागू हुनु अघि सम्झौता भइसकेको कार्यक्रमको हकमा सोही बमोजिम हुनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकैकुरा लेखिएको भएतापनि अनुदानग्राहीले चाहेमा शतप्रतिशत कार्य सम्पन्न गरेपश्चात अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई सोको प्रमाणिकरण नभए सम्म अनुदान रकमको अन्तिम किस्ता भुक्तानी हुनेछैन ।

(६) अनुदानलाई कृषकमैत्री बनाउन माग भएको सामग्री र उपकरणको आधार गुणस्तर र प्रति ईकाई मूल्य सूचना माग गरि कम्तिमा ३ कम्पनिको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप कृषकले चाहेको आपूर्ति कर्ताबाट तोकेको रकम रकम अनुदानग्राहीले सप्लायर्समा जम्मा गर्ने र समान आपूर्ति पश्चात बाँकी रकम आपूर्तिकर्ताको खातमा कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

(७) जिन्सी सामान/उपकरण/मेसिनरी/कृषि सामाग्री/पशुधन लगायतका हकमासार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम रहनेछ ।

८. बीमा गर्नु पर्ने: (१) यस कार्यविधिको दफा (३) को उपदफा (२) को (ग) र (घ) क्षेत्र अन्तरगतअनुदान प्राप्त गर्ने अनुदानग्राहीलेबीमा गर्नु पर्नेछ।

(२) उपदफा (२) को (क) र (ख) क्षेत्र अन्तरगत व्यवसायिक रुपमा संचानल हुने बाली, पशुधन र मत्स्य साथै फर्म / भौतिक पूर्वाधारको समेत बीमा गर्नु पर्नेछ।

(३) तोकिएको कृषि व्यवसायमा बीमाको प्रावधान नभएको हकमा बीमा अनिवार्य हुने छैन ।तर यस्तो अवस्थामा व्यवसायमा हुने सम्भावित क्षतिको जिम्मेवार अनुदानग्राही स्वयं हुनु पर्ने छ ।

९. विवरण प्रकाशन गर्नुपर्ने:अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने प्रत्येक कार्यालयले अनुदान सम्वन्धि विवरण वेबसाइटमा नियमितरूपमा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ।

१०. असुल उपर गर्नुपर्ने: कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ। विपद वा कुनै प्रकारको काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतीकोप्रमाणित विवरण (मुचुल्का, स्थानीय तहको सिफारिस र प्रहरी प्रतिवेदन) सहित १५ दिन भित्र अनुदान प्राप्त गरेको निकायमा लिखित सूचना दिनु पर्ने छ ।यस्तो विवरण कृषकलाई कारवाहीवाट वचाउ गर्न प्रयोग गर्न सकिने छ ।

११. सम्झौता गर्ने निकाय: कार्यक्रम संचालन गर्ने अख्तियारी प्राप्त कर्यालयले कार्यक्रम संचालन सम्झौता गर्ने छ ।

१२. निर्देशक समिति:(१)अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, नीति आयोग - सदस्य

(ग) अधिकृत प्रतिनिधि, अर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) संयोजक, नेपाल कृषि अनुसन्धान परिषद (प्रदेश हेर्ने कार्यालय)- सदस्य

(ङ) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(च) निर्देशक, कृषि विकास निर्देशनालय - सदस्य

(छ) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय - सदस्य

(ज) प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय - सदस्य

(झ) प्रमुख, कृषि विकास महाशाखा , मन्त्रालय - सदस्य

(ञ) प्रमुख,योजना महाशाखा,मन्त्रालय -सदस्य सचिव

(२)निर्देशन समितिले आवश्यकताअनुसार बढीमा तीनजना विषय विज्ञ वा सरोकारवाला निकायका अधिकृत प्रतिनिधि लाई समितिकोबैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको काम, कर्तव्यर अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुदान प्रक्रियामा संलग्न हुन चाहने बैङ्क/वित्तीय संस्था/बिमा कम्पनिसंग सहकार्यका क्षेत्र र शर्त निर्धारण गर्ने,

(ख) अनुदान दिने सम्बन्धमा भए गरेका कामकारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) अनुदान निर्धारण र भुक्तानीको प्रक्रियामाथप सहजीकरण गर्न ढाँचाहरु स्वीकृत गरी लागू गर्ने,

(घ) यस कार्यविधि अन्तरगत कार्यक्रम सचालनका मापदण्ड तयारी गरीस्विकृतीको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ङ) यस कार्यविधि अन्तरगत कार्यक्रम सचालनका लागि मौजुदा मापदण्ड संसोधनको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याहरुको समाधान गर्ने।

(३) निर्देशकसमितिको बैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) निर्देशकसमितिको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।तर दुइपटकसम्म बैठक बस्न नसकेमा तश्रो पटक बैठक बस्न बाधा पर्ने छैन |

(५) निर्देशकसमितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धी अन्य व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१३. <u>अनुगमन तथा मूल्याङ्कनः</u>यस कार्यविधिबमोजिम अनुदान भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यकताअनुसार सम्बन्धित कार्यालय, निर्देशनालय, मन्त्रालयबाट हुनेछ| साथै आवश्यकता बमोजिम सरोकारवाला मन्त्रालयहरु, प्रदेश नीति तथा योजना आयोग रमुख्यमन्त्री कार्यालयबाट हुनसक्नेछ।

१४. <u>प्रतिवेदनः</u>कार्यक्रम संचालन गर्ने निकायले दिईएको अनुदान सम्बन्धमा सम्पादित कार्यको प्रगति प्रतिवेदन अनुसूची- २ बमोजिमको ढाँचामा चौमासिक र बार्षिक रुपमा तालुक निकायमा पेश गर्नु पर्नेछ।

१५. <u>गुनासो व्यवस्थापनः</u> (१)अनुदानग्राहीकोअनुदान प्रासिका क्रममा कुनै गुनासो भएमासो सम्बन्धमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्रास भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्रास भएको मितिले पन्ध्र दिनभित्र निरुपण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरुपण उपर चित्त नबुझेमा अनुदानग्राहीले निर्देशक समितिको संयोजक समक्ष पुनरावलोकनको निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर निर्देशक समितिले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउनेछ ।

१६. सेवाग्राहीलाई दिइने सहुलियत उल्लेख गर्नु पर्ने: यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीहरुले कोल्ड स्टोर, ढुवानी सेवा, कृषि जन्य उद्योग स्थापना, कस्टम हायरिङ्ग सेन्टर लगायतकासेवाहरुमा सेवाग्राहीहरुलाई सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तहरुमा नै उल्लेख गरी लागू गर्नु पर्नेछ।

१७. दोहोरो सुविधा लिन नपाउने :अनुदानग्राहीले एउटै कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। तर एकै कृषक / फर्म /समुहले सम्झौता मा स्पष्ट पारी फरक कार्य गर्ने गरि अनुदान प्राप्त गर्न बाधा पर्ने छैन।

१८. अनुदानग्राही जिम्मेवार हुने:कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थितिपरी सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

१९. होर्डिङ्ग बोर्ड राख्नुपर्ने: (१) छनौट भएको योजना कार्यान्वयनको सिलसिलामा सम्बन्धित आवेदकलेकार्यक्रम कार्यान्वयन स्थलमा सञ्चालन गरिएको क्रियाकलाप, कूललागत, मन्त्रालयले उपलब्ध गराउने अनुदान रकम वा सामग्री र अनुदानग्राहीको सहभागिता रकम सहितको जानकारीमूलकहोर्डिङ्गबोर्डराख्नुपर्नेछ।

२०. सम्झौता बमोजिम हुने: (१) यस विधि अनुरुप सञ्चालन हुने क्रियाकलाप र विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम संचालन गर्ने निकायको पूर्वस्वीकृति बेगर तोकिएको अवधि भित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाईने छैन।

(२)यस विधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भए पश्चात कम्तिमा सम्झौतामा तोकिएको अवधि सम्म निरन्तरता दिनु पर्नेछ । अन्यथा अनुदान सम्बन्धी विधिमा उल्लेख भए अनुरुप अनुदानको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२१. कार्यक्रमको प्रभावकारिता: कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित वनाउन संघिय तथा स्थानीय तह र अन्य कुनै निकायबाट कार्यन्वयन हुने आयोजनाहरुसंग दोहोरोपना नहुने गरि आवश्यक समन्वय गरेर कार्यक्रम संचालन गर्नु पर्नेछ ।

२२. बिबिध: १)अनुदान कार्यक्रमका अतिरिक्त कृषि प्रसार शिक्षा, मुख्य मन्त्रि कृषक उत्थान कार्यक्रम लगायत विशेष कृषि कार्यक्रम एवं कृषकलाइ प्रोत्साहन स्वरूप प्रदान गरीने पुरस्कार , राष्ट्रिय / अन्तराष्ट्रिय भ्रमण तथा राष्ट्रिय / अन्तराष्ट्रिय दिवस जस्ता विशेष कार्यक्रम समेतको खर्च / अनुदानको सिमा समेत अनुसूचिमा उल्लेख भए बमोजिम हुनेछ ।

२) स्वीकृत अनुदान रकममा सुचना प्रकाशन, विज्ञ सेवा, बैठक खर्च, अनुगमनमा औचित्य र आवश्यकता अनुसार खर्च गर्ने गरी अधिकतम ५ प्रतिशत कन्टीन्जेन्सी रकम र प्रचलित कानुन बमोजिम कर कट्टि गरी भुक्तानी गर्नेछ ।

३) कारवाहीको व्यवस्था : सम्झौता अनुसार कार्य नगर्ने तथा अनुदानित सामग्री वा रकमको दुरुपयोगगर्ने अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

२३. स्पष्ट पार्न सक्ने: (१) यो कार्यविधिमा उल्लेख भएको व्यवस्थाहरु स्पष्ट हुन नसकेमा मन्त्रालयले स्पष्ट पार्नेछ ।

२४. खारेजी तथा संशोधन गर्न सक्ने: (१) मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

(२)यस कार्यविधिमा संलग्न अनुसूचीहरु (आर्थिक पक्ष बाहेक) आवश्यकता अनुसार निर्देशक समितिको सिफारिसमा मन्त्रालयले हेरफेर गर्न सक्नेछ ।

(३) यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरु प्रचलित कानूनसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(४)यस कार्यविधिहरु सँग बाझिएका तपसिलका प्रचलित कार्यविधिहरुका आर्थिक पक्ष स्वत :खारेज हुनेछ।

**तपशिल**

क)च्याफकटर मेशिन वितरण कार्यान्वयन कर्यविधि, २०७४

ख)बिपन्न, गरिब कृषकहरुको लागि स्वरोजगार मूलक विशेष कार्यक्रम, कार्यान्वयन कार्यविधि २०७५

ग)बगर खेति कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

घ)प्राङ्गारिक मल अनुदान कार्यविधि, २०७५

ङ) पुष्प खेती विस्तार ( स्रोत सामाग्री संरचना निर्माण आदि ) कार्यक्रम संचालन कार्यविधि, २०७५

च)दुई हेक्टर भन्दा बढी क्षेत्रफलमा फलफूल खेती विस्तार कार्यक्रम संचालन कार्यविधि, २०७५

छ) मधेश आन्दोलनका शहिद परिवारलाई दुधालु गाई वा भैसी वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

ज) मधेश आन्दोलनका घाइते परिवारलाई दुधालु गाई वा भैसी वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

झ) गौशालाहरुको पूर्वाधार निर्माण तथा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

ञ) पशु श्रोत केन्द्र स्थापना तथा सुदृढिकरण कार्यक्रम संचालन कार्यबिधि, २०७५

ट) पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७५

ठ) सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्गको लागी विशेष बाखा र कुखुरापालन कार्यक्रम कार्यान्वन, २०७५

ड) प्रदेश स्तर युवा लक्षित ब्यावसायिक पशुपन्छी पालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

ढ) साईलो पिट निर्माण सम्बन्धी कार्यविधि, २०७५

ण) एकल महिलाको जीवीकोपार्जनको लागि पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

त) आकास्मिक पशुपन्छी महामारी रोग नियन्त्रण तथा उपचार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

थ) मत्स्य उत्पादन पोखरी निर्माण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

द) सार्वजनिक, निजी तथा सहकारीको साझेदारीमा कृषि उपजको सहज बजारीकरणका लागि बजार निर्माणअनुदानकार्यविधि, २०७६

ध) स्यालो ट्युववेल अनुदान कार्यक्रम कार्यान्वयन कार्यवीधी, २०७६

न) पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

प) कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि,२०७६

फ) शित भण्डारण निर्माण सम्बन्धि कार्यविधि ,२०७५

अनुसूची-१

(दफा ३सँग सम्बन्धित)

## कृषि कार्यक्रमहरुमा सरकारी खर्च र अनुदानको सिमा

| | कार्यक्रम | सरकारी खर्च / अनुदानकोअधिकतम सिमा | कैफियत |
|---|---|---|---|
| | (क) जिविकोपार्जन तथा सिमान्तकृत कृषक लक्षित कार्यक्रमहरु | | |
| १. | बिपन्न, गरिब तथा सामाजिकरुपमापिछडिएकासानाकृषकहरुको लागि स्वरोजगार मुलक विशेष कार्यक्रम(कृषि,पशुपन्छी तथा मत्स्यपालन ) | १००% | विस्तृत नर्म्स तालिका १ बमोजिम(मु.मं.त.मं.प.का.को २०७६/०१/०३ र २०७५/०६/२५ मा स्वीकृत कार्यविधिहरु एकीकृत) |
| २. | एकलमहिलाकोजिबिकोपार्जनकोलागिपशुपन्छीपालनकार्यक्रम | १००% | विस्तृत नर्म्स तालिका १ बमोजिम(मु.मं.त.मं.प.का.को मिति २०७५/०६/२५ मा स्वीकृत) |
| ३. | जलक्षमताविकासतथाजलसंरक्षरणकार्यक्रम(थोपा सिंचाइ, फोहोरा तथा अन्य जलसंरक्षरणसिंचाईप्रणालीप्रयोग) | ८५% | |
| ४. | चक्लाबन्दी सामुहिक खेती | प्रति बिगहा रु.४००००/- | चक्लाबन्दी प्रोत्साहन सवरूप एक पटक प्रति बिगहा रु १००००/- र सामुहिक खेति /उन्नत खेति स्वरुप रु ३००००/- प्रति बिगहा/वर्ष |
| ५. | मुख्यमन्त्री किसान उत्थान आयोजना | १००% | |
| ६. | मधेस आन्दोलनका सहिद/घाइते परिवारलाइ दुधालु गाइ वा भैसी वितरण | १०० % | (मु.मं.त.मं.प.का.को मिति २०७५/०९/१९ मा स्वीकृतमधेस आन्दोलनका सहिद परिवारलाइ दुधालु गाइ वा भैसी वितरण र मधेस आन्दोलनका घाइते परिवारलाइ दुधालु गाइ वा भैसी वितरण कार्यविधिहरु एकीकृत ) |
| | (ख) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरु | | |
| ७. | स्यालोटयूववेलजडान/ईनार निर्माणमा अनुदान | ८५% | अनुदान रकम अधिकतम रु ३ लाख सम्म) (मु.मं.त.मं.प.का.को मिति २०७६/०२/२२मा स्वीकृत कार्यविधिमा इनार थप) |

| | | | |
|---|---|---|---|
| . | डिपबोडिंगजडानतथासंचालन | ८५% | |
| . | स्थानीयतहकोसाझेदारीमाकुलो, पैनी, बाँध/ पोखरी मर्मतगरिसिचाईबिस्तार | ८५% | |
| ०. | प्रांगारिक, जैविकतथागड्यौलामलउत्पादनमाअनुदान | ७५% | |
| १. | प्रांगारिकतथाजैविकमल, कृषिचुन, जिंकतथाअन्यसूक्ष्म तत्व (मल) माअनुदान | ७५% | प्रांगारिकतथाजैविकमल अधिकतम ७५ के.जि/कठ्ठा(अधिकतम २२५० के.जि./कृषक), कृषि चुन अधिकतम १०० के.जी./कठ्ठा, जिंकतथाअन्यसूक्ष्म तत्व (मल)मा अधिकतम रु.५००/कठ्ठा(मु.मं.त.मं.प.का.को मिति २०७६/०१/०३ मा स्वीकृत कार्यविधिमा कृषि चुन, जिंक तथा अन्य शुक्ष्म तत्व थप ) |
| १२. | च्याउ बीउ वितरणमा अनुदान | ७५% | |
| १३. | व्यावसायिककृषिपकेटक्षेत्रविकाशकार्यक्रम | विस्तृत नर्म्स तालिका २ बमोजिम | |
| १४. | सामुहिकखेतिमार्फतउन्नतजातकाबिउहरुकोउत्पादन | | |
| | TPS बाट Seedling Tuber उत्पादन | रु २५००/कठ्ठा | |
| | PBS बाट मूल बिउ उत्पादन | रु ५००००/कठ्ठा | |
| | प्रमाणित बिउ उत्पादन | रु ४५०००/कठ्ठा | |
| | खाद्यान्न बाली बिउ उत्पादन | रु १०००/कठ्ठा | |
| | तरकारी बिउ उत्पादन | रु २०००/कठ्ठा | |
| १५. | लागतप्रभावकारीवालीउत्पादनप्रविधिविस्तारकार्यक्रम (खाद्यन्न, दलहन, तेलहन, फलफूल, तरकारीतथापुष्प) आधुनिकप्रविधिप्रदर्शन | १००% | |
| १६. | उन्नतजातकोघासेवालीबिकाशकार्यक्रम | घाँसको विउ र मल खरिद गर्दा लागतको ७५%, जग्गा तयारी गर्न प्रति हेक्टर रु.२०,०००/-,साना सिचाईको लागी ८५% | |
| १७. | निजी, सार्वजनिक, सहकारीकोसाझेदारीमामाछापोखरीकोमर्मततथासम्भार | जलासय क्षेत्रफलको प्रति कठ्ठा रु ५,०००/- | |

| | | | |
|---|---|---|---|
| १८. | मत्स्य पालनको लागि नया पोखरी निर्माण | जलासय क्षेत्रफलको प्रति कट्ठा रु १५,०००/- | |
| १९. | मत्स्यउत्पादनविशेषकार्यक्रम | ५० % | |
| १९. १ | प्रस्तावमा आधारित इनोभेटिभ मत्स्य विकाश कार्यक्रम | अनुदान रु. २० लाख सम्म | मत्स्य बिकाश सम्बन्धि नया प्रबिधि को पाइलट परिक्षण प्रयोगशाला निर्माण तथा संचालन,प्राबिधिक सेवा, स्थानीय वा नया जातका मत्स्य बिज उत्पादन परिक्षण, Pearl Culture, prawn, biofloc,aquaponics, live food, pangasius/tilapia/sahar/लोकल सिन्घी/ माहुर/ तेंग्रा/ गैंचा/कछुवा/घुन्ही/ सितुवा/मखान आदि निर्देशनालयले तय गरेको मत्स्य बिकाश सम्बन्धि अन्य समसमायिक विषयका कार्यक्रमहरु |
| १९. २ | नया मत्स्य ह्याचरी निर्माण | अनुदान रु. बिश लाख सम्म | |
| १९. ३ | पुरानो मत्स्य ह्याचरी सुदृढिकरण तथा क्षमता बिस्तार | अनुदान रु.दस लाख सम्म | |
| ४ | नया मत्स्य नर्सरी निर्माण | अनुदान रु.सात लाख सम्म | |
| ५ | प्राकृतिक जलासयमा मत्स्य विकास कार्यक्रम | अनुदान रु.तिन लाख सम्म | |
| २०. | निजी, सार्वजनिक साझेदारीमा कृषि पर्यटन प्रबर्द्धनको लागि फार्मस्टे सहितको एकीकृत नमुना कृषि, पशुपन्छी तथा मत्स्य फार्म स्थापना र संचालन | ७५% | |
| २१. | दुध उत्पादनमा अनुदान | प्रतिलिरु२/- | |
| २२. | प्लान्ट क्लिनिक सन्चालन/आकस्मिक बाली संरक्षण , मत्स्य र पशुपन्छी महामारी रोग नियन्त्रण कार्यक्रम | १००% | (मु.मं.त.मं.प.का.को मिति २०७५/०६/२५ मा स्वीकृत कार्यविधिमा प्लान्ट क्लिनिक |

| | | | |
|---|---|---|---|
| | | | सन्चालन/आकस्मिक बाली संरक्षण र मत्स्य थप ) |
| २३. | बगर खेति कार्यक्रम | विस्तृत नर्म्स तालिका २ बमोजिम | (मु.मं.त.मं.प.का.को मिति २०७६/०१/०४मा स्वीकृत) |
| | (ग) कृषि व्यवसाय प्रवर्द्धन लक्षित कार्यक्रमहरु | | |
| २४. | स्थानीयतह, सहकारीकोसहकार्यमाकृषियांत्रिकरणप्रवर्धनकोलागिCustom HiringService Centerकोस्थापना तथा संचालन | ७५% | उपकरण र मेसिनारी खरिदको हकमा क.स.३३ को कृषि यान्त्रिकरण अनुदान बमोजिम (अधिकतम अनुदान रकम रु २.५ करोड सम्म २ आ.व. मा) |
| २५. | कृषिसडकनिर्माण | ८५% | |
| २६. | निजि,सार्बजनिकतथासहकारीकोसाझेदारीमाबेमौसमितरकारीतथाफलफुलको बेर्ना उत्पादनकोलागि संरक्षित खेति, नेट हाउस निर्माण तथाHi- tech poly houseनिर्माणतथासंचालन | ७५% | |
| २७. | मखान,प्याज,लसुन,ओल,अल्हुवा, लिचि, वेसार, कटहरको व्यवासायीक उत्पादन प्रवर्धन कार्यक्रम | ५०% | |
| २८. | गोलभेडाकोसुपरजोनविकासकार्यक्रम | विस्तृत नर्म्स तालिका २ बमोजिम | |
| २९. | आँपको सुपरजोन विकास कार्यक्रम | विस्तृत नर्म्स तालिका २ बमोजिम | |
| ३०. | पुष्पखेतिव्यबसायप्रबर्धनकार्यक्रम | विस्तृत नर्म्स तालिका २ बमोजिम | (मु.मं.त.मं.प.का.को मिति २०७६/०२/१८ मा स्वीकृत) |
| ३१. | फलफुल खेति बिस्तार कार्यक्रम | विस्तृत नर्म्स तालिका २ बमोजिम | (मु.मं.त.मं.प.का.को मिति २०७६/०२/१९ मा स्वीकृत) |
| ३२. | फलफुलतथातरकारी (सोहिजन, केरा, मेवा, अनार, अम्बा, टमाटर) कोमोडेलखेतिमाअनुदान | विस्तृत नर्म्स तालिका २ बमोजिम | |
| ३३. | कृषि यान्त्रिकरण | | (मु.मं.त.मं.प.का.को मिति २०७६/०१/०६मा स्वीकृत कार्यविधिमा एरेटर र कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धि अन्ययान्त्रीकरण सामग्रीहरु थप ) |
| १ | **चार पांग्रे ट्रयाक्टरका एट्याचमेन्टहरु** | | |
| १.१ | कल्टिभेटर, एन्टी स्किड व्हील, लेभलर, रिजर, मेजप्लान्टर, रिपर, धान/गहुँ/मल्टीक्रप थ्रेशर, मेज सेलर, मेज डीहस्कर, स्प्रेयर/पावर स्प्रेयर/बुम स्प्रेयर, फर्टिलाईजर ब्रोडकाष्टर | ५०% | |

| | | | |
|---|---|---|---|
| .२ | डिस्क प्लाव/हैरो, एम.बि.प्लाव, सिड ड्रिल,सिड कमफर्टिलाइजर ड्रिल,सिड प्लान्टर, जिरो टिल सिड ड्रिल, पोटैटो प्लान्टर/डीगर | ७५% | |
| २ | स्वचालितउपकरणहरु | | |
| २.१ | रिपर, रिपर बाइन्डर, मल्टीक्रप थ्रेशर, थ्रेशर, मेज सेलर, मेज डीहस्कर, पावर टिलर, ट्याक्टर | ५०% | |
| २.२ | राइसट्रांस्प्लान्टर, सिडलिँग ट्रांस्प्लान्टर, एयरेटर, सोलार ड्रायर, कुलिंगचेम्बर, जिरो इनर्जी स्टोरेज | ७५% | |
| ३ | सोलारपम्प | ८५% | |
| ४ | कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धि अन्ययान्त्रीकरण सामग्रीहरु | ५०% | |
| ३४. | पशुपन्छीफार्मपूर्वाधारनिर्माणतथासुदृढिकरण | ५०% | अधिकत्तम अनुदान गाईभैसिँको हकमा रु ७५००००/- बाखाको हकमा रु ५०००००/- र कुखुरा/हाँस हकमा रु ३०००००/- भन्दा बढी हुने छैन, (मु.मं.त.मं.प.का.को मिति २०७५/०८/१९मा स्वीकृत) |
| ३५. | यूवालक्षितव्यवसायिककृषि, पशुपन्छी तथा मत्स्यपालनकार्यक्रम | ५०% | अधिकत्तम अनुदान कृषि, मत्स्यपालन, गाईभैसिँ र बाखापालनको हकमा रु ४०००००/- कुखुरा/हाँसपालनको हकमा रु ३०००००/- भन्दा बढी हुने छैन |
| ३६. | पशुपन्छी तथा मत्स्यश्रोतकेन्द्रस्थापनातथासुदृढीकरणकार्यक्रम | ८५% | अनुदान रकम प्रतिश्रोतकेन्द्रपहिलो बर्ष बढिमारु. १०लाख, दोस्रो बर्ष बढीमा २ लाख र तेश्रो बर्ष २ लाखको दरले३ किस्तामाकोषमाजम्मागरिदिनेछ। (मु.मं.त.मं.प.का.को मिति २०७५/०६/२५मा स्वीकृत) |
| ३७. | चिलिङभ्याटबितरण तथा जडान | ५०% | विस्तृत नर्म्स तालिका ३ बमोजिम(मु.मं.त.मं.प.का.को मिति २०७५/०८/१९ मा स्वीकृत) |
| ३८. | डेरीपसल तथा मत्स्यसुधारमामाछा/ मासु पसलसुधारकार्यक्रम | ५०% | विस्तृत नर्म्स तालिका ३ बमोजिम(मु.मं.त.मं.प.का.को मिति |

| | | | |
|---|---|---|---|
| | | | २०७५/०८/१९ मा स्वीकृत) |
| ३९. | कृषि, पशुपन्छीउत्पादनको प्रशोधनपूर्वाधारसुदृढीकरण | ५०% | विस्तृत नर्म्स तालिका ३ बमोजिम(मु.मं.त.मं.प.का.को मिति २०७५/०८/१९ मा स्वीकृत) |
| ४०. | दुधसकलनकेन्द्रनिर्माणतथासुधार | ८५% | विस्तृत नर्म्स तालिका ३ बमोजिम(मु.मं.त.मं.प.का.को मिति २०७५/०८/१९ मा स्वीकृत) |
| ४१. | गौशालाहरुकोपूर्वाधारनिर्माण/सुधार | ८५% | आ.व. २०७५/०७६ मा स्वीकृत |
| ४२. | च्याफ कटर मेशिन वितरण | ५०% | (मु.मं.त.मं.प.का.को मिति २०७५/०२/२८ मा स्वीकृत) |
| | **(घ) कृषिजन्य उद्योग प्रवर्द्धन तथा कृषि पूर्वाधार विकास लक्षित कार्यक्रमहरु** | | |
| ४३. | धानप्रोसेसिंग, आधुनिकमिलिंग, प्याकेजिंग, ब्रान्डीन्ग-फाइनराईसउद्योगकोपूर्वाधारनिर्माणतथासुदृधिकरणमाअनुदान | ५०% | |
| ४४. | शित भण्डारण निर्माण | ५०% | (मु.मं.त.मं.प.का.को मिति २०७५/०६/२५मा स्वीकृत) |
| ४५. | निजि, सार्वजनिक, सहकारीकोसाझेदारीमाकृषिउपज/ पशुपन्छी / मत्स्य संकलनकेन्द्र | ८५% | अधिकतम अनुदान रकम रु. दस लाख सम्म (मु.मं.त.मं.प.का.को मिति २०७५/०८/१९मा स्वीकृत) |
| ४६. | मन्त्रालय/निर्देशनालयबाट ठुला पूर्वाधारनिर्माण/ बजार क्षेत्र विकास र प्रवर्धन | १००% | |
| ४७. | निजि, सार्वजनिक, सहकारीकोसाझेदारीमाकृषिउपज/पशुपन्छी / मत्स्य भन्डारणकेन्द्रपूर्वाधारनिर्माण | ५०% | |
| ४८. | सार्वजनिकनिजीतथासहकारीकोसाझेदारीमाटमाटरकेचअप तथाफलफुलप्रशोधनउद्योगस्थापना | ५०% | बढीमा अनुदान रकम रु २.५ करोड सम्म २ आ.व. मा |
| ४९. | निजि, सार्वजनिक, सहकारीकोसाझेदारीमाप्रांगारिकतथाजैविकमलकारखानास्थापनातथासंचालन | ५०% | |
| ५०. | कृषिबिधुतिकरण(बिधुतगृह / सबस्टेसन / प्रसारणलाइन)निर्माण | ८५% | |
| ५१. | निजी, सार्वजनिक, सहकारीकोसाझेदारीमापसुपंछीतथामत्स्यदानाउद्योगस्थापनाकोलागिअनुदान | ५०% | विस्तृत नर्म्स तालिका ३ बमोजिम(मु.मं.त.मं.प.का.को मिति २०७५/०८/१९मा स्वीकृत) |

| | | | |
|---|---|---|---|
| ५२. | निजि, सार्वजनिक, दूग्धसहकारीसंघसंस्थाकोसाझेदारीमाडेरीउद्योगस्थापना | ५०% | विस्तृत नर्म्स तालिका ३ बमोजिम(मु.मं.त.मं.प.का.को मिति २०७५/०८/१९मा स्वीकृत) |
| ५३. | स्थानीयतहमादुधसहकारीसंस्थाकोसाझेदारीमादुधसंकलनतथाचिस्यानकेन्द्रस्थापना | ५०% | विस्तृत नर्म्स तालिका ३ बमोजिम(मु.मं.त.मं.प.का.को मिति २०७५/०८/१९मा स्वीकृत) |
| ५४. | निजिक्षेत्रकोसाझेदारीमापशुआहारकोलागिवेलसाईलेजउद्योगस्थापना | ५०% | |
| ५५. | पशुबधशाला/बद्स्थलनिर्माण,सुधार | ७५% | विस्तृत नर्म्स तालिका ३ बमोजिम(मु.मं.त.मं.प.का.को मिति २०७५/०८/१९मा स्वीकृत) |
| ५६. | पशुपन्छीजन्यपदार्थउत्पादन, प्रशोधन उद्योग स्थापना | ५०% | विस्तृत नर्म्स तालिका ३ बमोजिम(मु.मं.त.मं.प.का.को मिति २०७५/०८/१९मा स्वीकृत) |
| ५७. | साइलो पिट निर्माण | ७५% | अधिकतम अनुदान रकम २५००००/- सम्म (मु.मं.त.मं.प.का.को मिति २०७५/०६/२५ मा स्वीकृत) |
| | (ङ) विविध | | |
| ५८. | तालिम/गोष्ठी/दिवस/सेमिनार/सम्मेलन मनाउने कार्यक्रम | प्रदेश खर्च मापदण्ड निर्देशिका अनुसार गर्ने | |
| ५९. | पुरस्कार | | |
| ९.१ | जिल्ला स्तरीय कृषक पुरस्कार {**कृषि तर्फः** तेलहन, खाद्यान्नबाली,तरकारी,फलफुल,नगदेबाली(दलहन,पुष्प,मौरी,च्याउ),खाद्यान्न बिउ उतपादन,कृषि प्रशोधन/व्यवसाय र**पशुपन्छी तर्फः** मत्स्य,पशुपालन, पन्छीपालन, मत्स्यपालन, पशुपन्छी तथा मत्स्य व्यवसाय} | हरेक विधामा प्रथमःरु२५०००/-,दितीयः रु२००००/-, तृतीयःरु१५०००/- रसान्तवनाःरु१००००/- गरि ४ जनालाई | |
| .२ | विश्व खाद्य दिवसमा जिल्लास्तर निवन्ध प्रतियोगिता | प्रथमःरु७५००/-,दितीयः रु५०००/-,तृतीयःरु३५००/- रसान्तवनाःरु२०००/- प्रदेशमा एक जना सर्बोतकृष्ट बिद्यार्थीलाई अत्तिरिक्त रु ७५००/- मात्र | |

| | | | |
|---|---|---|---|
| ३ | मुख्यमन्त्री उत्कृस्ट कृषक पुरस्कार {खाद्यान्नबाली,फलफुल,तरकारी,नगदेवाली(तेलहन, दलहन,पुष्प,मौरी,च्याउ),पशुपालन,पन्छीपालन,मत्स्यपालन, कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय, कृषि क्षेत्रमा काम गर्ने उत्कृष्ट सहकारी संस्था} | हरेक विधामा रु ३०००००/- सम्म १ जनालाई मात्र तथा उतकृष्ट कृषकहरुलाइ बैदेशिक भ्रमण | |
| ६०. | बिमा अभिकर्ता परिचालक | रु ३०००/- प्रति व्यक्ति/ महिना | |
| ६१. | कृषि मेला प्रदर्शनी / वृहत कृषि प्रदर्शनी | १००% | |

तालिका - १

## गाई/भैंसी पालन कार्यक्रम

| सि.नं. | कार्य विवरण | ईकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गाई/भैंसी खरिद एवं वितरण | संख्या | २० | ८०,००० | १६,००,०००।- | |
| २. | गोठ निर्माण | संख्या | २० | १६,००० | ३,२०,०००।- | |
| ३. | गाई/भैंसीमा लाग्ने परजीवि नियन्त्रण तथा खोप कार्यक्रम | पटक | २ | १०,००० | २०,०००।- | |
| ५. | गाई/भैंसीको लागि बीमा | संख्या | २० | १,००० | २०,०००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | कार्यदलको बैठक भत्ता | पटक | २ | १०,००० | २०,०००।- | |
| ७ | अभिमूखीकरण तालिम दिने १)) | पटक | १ | २०,००० | २०,०००।- | |
| | जम्मा | | | | २०,००,०००।- | |

## बाखा पालन कार्यक्रम (मिति २०७५/०६/२५ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट स्वीकृत)

| सि.नं. | कार्य विवरण | ईकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बाखा वितरण प्रति कृषक | संख्या | २ | १०,०००।- | २०,०००।- | |
| २. | बाखाको खोर निर्माण प्रति कृषक (२० जनालाई) | संख्या | १ | १०,०००।- | २,००,०००।- | |
| ३. | बाख्राको, परजिवि नियन्त्रण, खोप | पटक | २ | ५,०००।- | १०,०००।- | |
| ४. | डाले घांसको बिरुवा ढूवानी तथा वितरण | संख्या | १००० | १०।- | १०,०००।- | |
| ५. | अभिमूखीकरण तालिम (१ दिने) | पटक | १ | २०,०००।- | २०,०००।- | |
| | जम्मा | | | | २,६०,०००।- | |

## बँगुर पालन कार्यक्रम

| सि.नं. | कार्य विवरण | ईकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बँगुरखरिद तथा वितरण | संख्या | २ | १०,०००।- | २०,०००।- | |
| २. | बँगुरको खोर निर्माण | संख्या | १ | १०,०००।- | २,००,०००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | बँगुरको, परजिवि नियन्त्रण, खोप खरिद तथा वितरण | पटक | २ | ५,०००।- | १०,०००।- | |
| ४. | बंगुरकोलागि दाना खरिद तथा वितरण | पटक | १ | | २०,०००।- | |
| ५. | अभिमूखीकरण तालिम (१ दिने) | पटक | १ | २०,०००।- | २०,०००।- | |
| | जम्मा | | | | २,७०,०००।- | |

## कुखुरा पालन कार्यक्रम

| सि.नं. | कार्य विवरण | ईकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अण्डा र मासु दुबै प्रयोजनको लागि उपयुक्त कुखुराको चल्ला खरिद तथा वितरण | संख्या | १००० | १००।- | १,००,०००।- | |
| २. | खोर निर्माणका लागि सहयोग प्रति कृषक | संख्या | २० | ५,०००।- | १,००,०००।- | |
| | कुखुराको खोप, औषधी, परजीवि नियन्त्रणका लागि आवश्यक खर्च | पटक | २ | ५,०००।- | १०,०००।- | |
| ३. | कुखुराको दाना खरिद तथा वितरण | पटक | १ | | १०,०००।- | |
| | अभिमूखीकरण तालिम (१ दिने) | पटक | १ | २०,०००।- | २०,०००।- | |
| | जम्मा | | | | | |

- कृषि तर्फविपन्न, गरिब तथा सामाजिकरुपमापिछडिएकासाना कृषकहरुको लागि स्वरोजगार मुलक विशेष कार्यक्रमको हकमा लागत एष्टिमेटकोपचास प्रतिशत वा बढीमा पचास हजारसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

तालिका - २

| सि.नं. | विवरण | सहजीकरण |
|---|---|---|
| १ | कृषि उत्पादनसामाग्रीहरु (बीउ, बेर्ना, विरुवा, भुरा आदि) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ८५ प्रतिशत |
| ४ | कृषि औजार तथाउपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाई पूर्वाधार | ८५ प्रतिशत |
| ६ | उत्पदानोपरान्त तथाकृषि व्यवसाय सेवा पुर्वाधारहरु | ८५ प्रतिशत |
| *नोटः रासायनिक मलमा कुनै पनि अनुदान हुने छैन ।* | | |

तालिका - ३

## मिति २०७५/०८/१९ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट स्वीकृत

| क.स. | कार्यक्रमको नाम | संभाव्य साझेदारहरु | अधिकतम अनुदान रकम |
|---|---|---|---|
| १ | चिलिङ्ग भ्याट वितरण(५०० लिटर क्षमता) | दुग्ध उत्पादक तथा वितरक सहकारी संस्था, डेरी उधोग, दुग्ध व्यवसायी, कृषक समुह समिति तथा व्यवसायिक फर्म संचालक | २ लाख सम्म मात्र |
| २ | चिलिङ्ग भ्याट वितरण (१००० लिटर क्षमता) | दुग्ध उत्पादक तथा वितरक सहकारी संस्था, डेरी उधोग, दुग्ध व्यवसायी, कृषक समुह समिति तथा व्यवसायिक फर्म संचालक | ४ लाख सम्म मात्र |
| ३ | चिलिङ्ग भ्याट वितरण (२००० लिटर क्षमता) | दुग्ध उत्पादक तथा वितरक सहकारी संस्था, डेरी उधोग, दुग्ध व्यवसायी, कृषक समुह समिति तथा व्यवसायक फर्म संचालक | ६ लाख सम्म मात्र |
| ४ | चिलिङ्ग भ्याट वितरण (३००० लिटर क्षमता) | दुग्ध उत्पादक तथा वितरक सहकारी संस्था, डेरी उद्योग, दुग्ध व्यवसायी, कृषक समुह समिति तथा व्यवसायिक फर्म संचालक | ९ लाख सम्म मात्र |
| ५ | डेरी पसल सुधार | दुग्ध उत्पादक तथा वितरक सहकारी संस्था, डेरी उधोग, दुग्ध व्यवसायी, कृषक समुह समिति तथा व्यवसायिक फर्म संचालक | २ लाख सम्म मात्र |
| ६ | माछा मासु पसल सुधार | माछा /मासु व्यवसायी, मासु व्यवसायी संघ संस्था, कृषक/कृषक समुह समिति, व्यवसायिक फर्म संचालक | २लाख सम्म मात्र |
| | जिउंदो माछा पसल/सेड स्थापना | माछाव्यवसायी, कृषक समुह समिति, व्यवसायिक फर्म संचालक | ५ लाख सम्म |
| ७ | पशुपन्छी हाटबजार पूर्वाधार सुधार | स्थानिय तह, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, विद्यालय वा वधिालय संचालक समिति, सहकारी संस्था | २० लाख सम्म |
| ८ | पशुपन्छी संकलन केन्द्र पुर्वाधार सुधार तथा निर्माण | स्थानिय तह, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, विद्यालय वा देवालय संचालक समिति, सहकारी संस्था | १० लाख सम्म |
| ९ | पशु बधशाला निर्माण | स्थानिय तह, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन मासु व्यवसायी, मासु व्यवसायी संघ संस्था, कृषक समुह समिति, | ४५ लाखसम्म |

| | | | |
|---|---|---|---|
| | | व्यवसायिक फर्म संचालक | |
| १० | पशुबधस्थल निर्माण | स्थानिय तह, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन मासु व्यवसायी, मासु व्यवसायी संघ संस्था, कृषक समुह समिति, व्यवसायिक फर्म संचालक | १५ लाखसम्म |
| ११ | पशुपन्छीजन्य उत्पादन प्रशोधन उद्योग स्थापना तथा संचालन जस्तै दुग्ध प्रशोधन, माछा मासु प्रशोधन, पशुपन्छी आहारा र दाना उद्योग, छाला प्रशोधन कारखाना कुखुरा चल्ला उत्पादन आदी | संगठन नीजी व्यवसायी, व्यवसायी संघ संस्था, कृषक समुह समिति, व्यवसायिक फर्म संचालक, पशुपन्छी जन्य उत्पादन प्रशोधनमा लागेका उद्यमी । स्थानिय निकाय, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/ | १ करोड सम्म |
| १२ | पशु पन्छीजन्य उत्पादन प्रशोधन उद्योग पुर्वाधार सुदृढिकरण जस्तै दुग्ध प्रशोधन, माछा मासु प्रशोधन, पशुपन्छी दाना उद्योग, छाला प्रशोधन कारखाना आदी | पशुपन्छी जन्य उत्पादन प्रशोधनमा लागेका उद्यमी, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन नीजी व्यवसायी, व्यवसायी संघ संस्था, कृषक समुह समिति, व्यवसायिक फर्म संचालक, । | १० लाख सम्म |
| १३ | दुध संकलन केन्द्र पुर्वाधार निर्माण सुधार | संगठन नीजी व्यवसायी, व्यवसायी संघ संस्था, कृषक समुह समिति, व्यवसायिक फर्म संचालक, पशुपन्छी जन्य उत्पादन प्रशोधनमा लागेका उद्यमी । स्थानिय तह, उद्योग बाणिज्य संघ, | १२ लाखसम्म |
| १४ | वजार सुचना केन्द्र | स्थानिय तह, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, विद्यालय वा देवालय संचालक समिति, सहकारी संस्थाद्धरा संचालित बजार | ३ लाखसम्म |

## अनुसूची - २

(दफा १४सँग सम्बन्धित)

**कार्यालयले पेश गर्ने चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा**

आर्थिक बर्ष:

| क्रम संख्या | बजेट उपशीर्षक नम्बर | कार्यक्रम | जिल्ला | अनुदानग्राहीको नाम | सम्पर्क नं. | अनुदानग्राहीको फर्म वा कम्पनीको नाम र ठेगाना | कार्यालयबाट जम्मा भएको अग्रिम निकासा रकम रु. | अनुदानग्राहीको लगानी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |